# आफ्नै दलले चरित्रहत्या गरेको आरोप लगाउँदै मधेसका मुख्यमन्त्री सिंहले दिए राजीनामा

## नयाँ सरकार गठनका लागि कांग्रेस र लोसपा गठबन्धनको हानथाप

■ प्रमोदकुमार साह



जनकपुरधाम । अन्ततः मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट राजीनामा दिएका छन् । मंगलबार प्रदेशसभाको बैठकमा सम्बोधन गर्दै उनले औपचारिक रूपमा राजीनामाको घोषणा गरेका हुन् । सम्बोधनका क्रममा उनले आफ्नो राजीनामा विषयलाई अतिरञ्जित बनाइएको भन्दै असन्तोष व्यक्त गरे । जेनजी आन्दोलनका क्रममा सामाजिक सञ्जालमा दिएको राजीनामाको विषयलाई 'मिडिया ट्रायल' गरेर अतिरञ्जित गरिएको उनको भनाइ छ । 'जेनजी आन्दोलनका क्रममा सामाजिक सञ्जालमार्फत राजीनामा दिएको थिए । त्यसलाई पत्रकार सम्मेलन गरेर औपचारिक बनाउने सोच थियो । तर, राजीनामाको विषयलाई 'मिडिया ट्रायल' गरेर हल्लाको विषय बनाइयो,' उनले भने ।

जनमत पार्टीका नेतासमेत रहेका सिंहका अनुसार त्यसपछि पनि उनी राजीनामा दिन अडिग थिए । तर गठबन्धनमा आबद्ध दल नेकपा (एमाले) र नेपाली कांग्रेसका नेताहरूले राजीनामा नदिन आग्रह गरेका थिए । उनले थपे, 'केन्द्रका नेताहरूले फोन गरेर हतारमा राजीनामा दिए संघीयता नै संकटमा पर्छ, दोष तपाईंलाई लाग्छ भनेपछि म सोच्न बाध्य भएँ,' उनले स्पष्ट पारे । यसैबीच, सिंहले आफ्नै दल जनमत पार्टीले आफूलाई स्पष्टीकरण सोधेर चरित्र हत्या गरेको आरोप लगाए । उनले भने, 'गठबन्धनका साथीहरूले वचन तोडे र मेरो पार्टीले स्पष्टीकरण सोध्दै चरित्र हत्या गऱ्यो ।' सिंहले जनमत पार्टी अध्यक्ष र संसदीय दलका नेताबीच फरक धारणा देखिएको बताउँदै बजेट पारित भएपछि आफ्नै पार्टीबाट आरोप लगाइने कार्य भएको गुनासो गरे । पार्टीको हरेक निर्देशन पालन गरे पनि आफू विभिन्न आरोपको सिकार भएको उनको भनाइ थियो । उनले पार्टीभित्र एकल निर्णय लाद्ने प्रवृत्ति बढेको भन्दै त्यस्ता प्रवृत्ति पार्टीको रोग भएको टिप्पणी गरे ।

सो अवसरमा मुख्यमन्त्री सिंहले आफ्नो कार्यकालका उपलब्धिहरू पनि उल्लेख गरे । उनका अनुसार मधेस प्रदेशको इतिहासमै पहिलोपटक ७१.४८ प्रतिशत बजेट खर्च भएको छ । स्वास्थ्य र शिक्षा क्षेत्रमा रहेको माफियातन्त्र अन्त्य गर्न पहल गरिएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा करोडौं रुपैयाँ बेरुजु रहने प्रथालाई शून्यमा झारिएको उनले दाबी गरे । अन्त्यमा सिंहले विपक्षी दलहरूलाई सशक्त प्रतिपक्षको भूमिका निर्वाह गरेको भन्दै धन्यवाद दिए । उनले भने, 'विपक्षी दलहरूले अगाडि केही बोलेर पछाडि छुरा हान्ने काम गरेनन् । आफ्नो कार्यकालमा मधेस र मधेसीको हितका लागि मात्रै काम गरेको र कहिल्यै विरोधी काम नगरेको उनको अर्को दाबी थियो ।

मुख्यमन्त्री सिंहको राजीनामापछि सभामुख रामचन्द्र मण्डलले बैठकमा जानकारी दिँदै मुख्यमन्त्रीको राजीनामा आइसकेकोले विश्वासको मतसम्बन्धी प्रस्ताव हटाइएको घोषणा गर्दै बैठक अन्त्य गरे । यसअघि, मुख्यमन्त्री सिंहले मंगलबार नै विश्वासको मत लिने तयारी गरेका थिए ।

### नयाँ सरकार गठनका लागि दाबी पेस गर्न आह्वान

मुख्यमन्त्री सिंहले पदबाट दिएको राजीनामा मंगलबार नै प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले स्वीकृत गरिन् । यससँगै मधेसमा नयाँ सरकार गठनको प्रक्रिया औपचारिक रूपमा सुरु भएको छ । प्रदेश प्रमुखको कार्यालयले नयाँ सरकार गठनका लागि आह्वानसमेत गरेको छ । कार्यालय जारी गरेको विज्ञप्तिअनुसार नेपालको संविधानको धारा १६९ को उपधारा (१०) को खण्ड (क) बमोजिम मुख्यमन्त्री सिंहको राजीनामा स्वीकृत गरिएको हो । त्यससँगै, संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया अघि बढाइएको छ । प्रदेश प्रमुख भण्डारीले मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने २ वा २ भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने सदस्यलाई आज साँझ ४ बजेभित्र मुख्यमन्त्री पदमा नियुक्तिका लागि दाबी पेस गर्न आह्वान गरेकी छन् ।

पछिल्ला केही सातादेखि सत्तारूढ गठबन्धनभित्र असन्तुष्टि बढ्दै गएको र विश्वासको मतको बहस तीव्र बन्दै गएको अवस्थामा सिंहले राजीनामा दिएका हुन् । उनको राजीनामासँगै मधेस प्रदेशको राजनीति पुनः नयाँ मोडमा प्रवेश गरेको छ । सिंहले नेतृत्व गरेको सरकारमा एमाले, नेपाली कांग्रेस, जनमत र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मुख्य साझेदार रहेका थिए । तर, आन्तरिक मतभेद र नयाँ सत्ता समीकरणबारे छलफल बढेपछि सत्ता परिवर्तनको सम्भावना बलियो बनेको थियो । प्रदेश प्रमुखको आह्वानपछि अब नयाँ मुख्यमन्त्रीका लागि प्रदेशसभाभित्र राजनीतिक दौडधुप तीव्र बनेको छ ।

संविधानअनुसार यदि २ वा २ भन्दा बढी दलको समर्थनमा कुनै सांसदले बहुमतको दाबी गर्न सके भने उनलाई मुख्यमन्त्री नियुक्त गरिनेछ । तर, सो समयमा कुनै पनि सदस्यले पर्याप्त समर्थन जुटाउन नसकेमा सबैभन्दा ठुलो दलले मुख्यमन्त्री पाउने सम्भावना रहनेछ ।

### नयाँ सरकारका लागि दलहरूको कसरत तीव्र

मधेसमा नयाँ सरकार गठनको बाटो खुलेसँगै दलहरू गठबन्धन बनाउने कार्य तीव्र बनाएको छ । यसभन्दा पहिले नै हतारहतारमा सरकारका लागि दाबी पेस गरेका कांग्रेस, एमाले र जनमतको संयुक्त गठबन्धनले पुनः कांग्रेसकै नेतृत्वमा दावी पेस गर्ने भएका छन् । यसअघि पनि ३ दलले कांग्रेसका कृष्णप्रसाद यादवलाई मुख्यमन्त्रीमा अघि सार्दै नयाँ सरकारको दाबी पेस गरिसकेका थिए । तर यो अलि हतारो भएको कांग्रेस मधेस प्रदेशका प्रमुख सचेतक कुमलकान्त झाले नै स्वीकारे । 'प्रदेश प्रमुखले आह्वान नै नगरेको समयमा यसअघि गरिएको सरकारको दाबी पेस गरेको घटना साँच्चै गलत थियो । त्यो स्वीकार्नु पर्छ,' उनले भने, 'ध्यानाकर्षणपत्र बुझाउनुपर्ने थियो, तर हतारमा दाबी नै पेस नै गरियो । अब मुख्यमन्त्रीले मार्ग प्रसस्त गर्दै राजीनामा दिएसँगै प्रदेश प्रमुखबाट नयाँ सरकारका लागि आह्वान गरेसँगै हाम्रो गठबन्धनले कांग्रेसको नेतृत्वमा सरकार बनाउँछ ।'

३ दलीय गठबन्धनमा कांग्रेसका कृष्णप्रसाद यादवलाई मुख्यमन्त्रीका लागि अगाडि सारिएको छ । यता सोही गठबन्धनमा रहेको जनमत पार्टीचाहिँ दोधारमा रहेको देखिएको छ । डा. सिके राउत नेतृत्वको पार्टी फुटेर २ भागमा विभाजित भएपछि कमजोर बनेको छ । सोमबार नै पार्टीका केही पदाधिकारीले 'जनस्वराज' नामको नयाँ दल निर्वाचन आयोगमा दर्ता गरेपछि अब कति सांसदले मूल पार्टीलाई र कतिले नयाँ पार्टीलाई समर्थन गर्लान् भन्ने निश्चित भएको छैन । अर्कोतर्फ लोसपाले आफ्नै नेतृत्वमा सरकार बनाउनका लागि कसरत गर्दै आएको छ । उसले जनमतलाई पनि समावेश हुन आह्वान गरेको छ । यस्तो अवस्थामा जनमत जता जान्छ सोही गठबन्धनको सरकार बन्ने निश्चित देखिन्छ । कांग्रेसलगायतका गठबन्धनले लोसपालाई पनि आफ्नो गठबन्धनमा सामेल गरेको भनेर गरिएको दाबी गरे पनि त्यो सही सावित भएको देखिएको छैन । अर्कोतर्फ जनमतमा भएको फुटले असर देखायो भने कांग्रेससहितको गठबन्धनले बहुमत सावित गर्न नसक्ने निश्चित छ । सोमबारसम्म सरकार बनाउने दाबी गर्दै काठमाडौंसम्म दगुरेका कांग्रेसका संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्रीका दाबेदार कृष्णप्रसाद यादव मंगलबार प्रदेशसभाबाट बाहिरिँदा दुःखी मुद्रामा देखिएका थिए । वरिष्ठ पत्रकार श्यामसुन्दर शशी भन्छन्, 'जुन समीकरण थियो त्यो मंगलबारसम्म आएर परिवर्तित भएको छ, यो सायद उहाँलाई ज्ञात भयो भन्ने लाग्छ ।'

यसअघि मधेसमा मधेसकेन्द्रित दलकै नेतृत्व हुनुपर्ने भन्दै सहमतिसमेत भएको अवस्था थियो । सोहीअनुरूप सबै मधेसी शक्ति मिलेर मधेसी दलको सरकार बनाउनुपर्ने भन्दै त्यसका लागि पनि छलफल तीव्र बनेको छ । जनता समाजवादी पार्टी नेपालले आफ्ना नेता जितेन्द्र सोनलको नेतृत्वमा नयाँ सरकार बनाउन सहमति जनाएपछि लोसपाले पनि गठबन्धन बनाउनका लागि छलफल तीव्र बनाएको छ । लोसपाको नेतृत्वमा सरकार बनाउनका लागि जसपा नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) बीच छलफल भइरहेको छ । लोसपाका महासचिव परमेश्वर साहका अनुसार लोसपाको नेतृत्वमा सरकार बनाउन जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सहमत भएका छन् । अब जनमत पार्टीसँग छलफल गर्न बाँकी रहेको बताइएको छ । माओवादी केन्द्रले आफनो समर्थन लगभग जनाइसकेको छ । यतिबेला एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल जनकपुरधाममै छन् । उनको लोसपा अध्यक्ष महन्थ ठाकुर मंगलबार नै औपचारिक छलफल भएको छ । यस गठबन्धनमा जनमतले समर्थन जनाए लोसपाको नेतृत्वमा मधेस प्रदेशमा बहुमतको सरकार बन्ने देखिन्छ ।

यसरी मधेसमा मुख्यमन्त्री सिंहको राजीनामापछि नयाँ सरकार गठनका लागि तीव्र राजनीतिक हानथाप सुरु भएको छ । एकातिर कांग्रेस, एमाले र जनमत पार्टीको गठबन्धनले आफ्नो नेतृत्वमा सरकार गठनको तयारी थालेका छन् भने अर्कोतिर लोसपाले जसपा, माओवादी केन्द्र, एकीकृत समाजवादी लगायतका दलसँग नयाँ गठबन्धन बनाउने प्रयास तीव्र पारेको छ । २ गठबन्धनबीचको यो शक्ति-प्रदर्शनले मधेस प्रदेशको राजनीति पुनः अस्थिर मोडमा पुगेको देखिएको राजनीतक विश्लेषकहरूको भनाइ छ । मधेस प्रदेशसभामा लोसपा नेपालको ९ सिट भए पनि १ सांसद निलम्बनमा परेका छन् । यस्तै, जसपा नेपालको १९, जनमत पार्टीको १३, माओवादी केन्द्रको ९, कांग्रेसको २२, एमालेको २५ र एकीकृत समाजवादीको ७ सिट छ । यसैगरी, नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १-१ जना प्रदेशसभा सदस्य छन् । १०७ जना सदस्य रहेको प्रदेश सभामा सरकार बनाउन ५४ जना चाहिन्छ ।

# मेची राजमार्गको विकल्पमा जोगमाई खोलामा 'डाइभर्सन' निर्माण हुँदै

■ राम योङहाङ

**इलाम ।** मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडकखण्ड अवरुद्ध भएपछि विकल्पका रूपमा तिल्केनी-सिमलगोलाई सडक सञ्चालनको तयारी थालिएको छ । सो सडकअन्तर्गत जोगमाई खवलामा अस्थायी डाइभर्सनमार्फत यातायात सुचारु गर्न लागिएको प्रमुख जिल्ला अधिकारी सुनिता नेपालले बताइन् । जोगमाई खोलामा आइतबारदेखि नै सडक डिभिजन इलाममार्फत धमाधन डाइभर्सन निर्माणको काम भइरहेको प्रजिअ नेपालले जानकारी दिइन् । माइजोगमाई गाउँपालिका-४ नामसालिङ र इलाम नगरपालिका-१० गोदक जोड्ने जोगमाई खोलामा ह्युम पाइपमार्फत डाइभर्सन निर्माण भइरहेको सडक डिभिजन इलामका डिभिजन प्रमुख पवन भट्टराईले बताए । डाइभर्सन र पहुँच मार्ग निर्माणको काम सकेसम्म चाँडोसम्पन्न गर्ने योजना रहेको उनको भनाइ छ ।

'अहिले ४ वटा स्क्साभेटार प्रयोग गरेर अस्थायी डाइभर्सन निर्माण गर्न थालेका छौं, यहाँको ह्युमपाइपले नपुग्ने भएपछि पाँचथरबाट समेत ह्यमपाइप ल्याउनुपर्ने भएको छ,' प्रमुख भट्टराईले भने, 'सकेसम्म चाँडो सक्ने योजनामा छौं ।' गत असोज १८ को भीषण वर्षापछिको बाढीले यहाँको बेलिब्रिज बगाएपछि यो सडकसमेत अवरुद्ध छ । यहाँ गत असारमा मात्र निर्माण सम्पन्न गरिएको बेलसब्रिज बाढीले बगाएको थियो । यो सडकले इलाम सदरमुकामको तिल्केनीदेखि मेची राजमार्गको गोदक जोड्नेछ । यहाँबाट तत्काल साना सवारी सञ्चालन गर्नेगरी काम भइरहेको उनले बताए । तत्कालका लागि आइतबार तिल्केनी-बज्रदेवी-नामसालिङ-नयाँबजार-फिक्कलको रुटमा साना सवारी सञ्चालनमा ल्याइएको थियो ।

पहिरोका कारण अवरुद्ध मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ स्थित इलाम-राजदुवाली सडक खण्ड अवरुद्ध भएपछि विगत १० दिनदेखि झापा, इलाम, पाँचथर र ताप्लेजुङका यात्रु तथा सवारी आवागमनमा समस्या देखिएको छ । ठुला तथा मालवाहक सवारीका लागि भने हालसम्म उपयुक्त वैकल्पिक मार्ग पहिचान गर्न नसकिएको प्रजिअ नेपालको भनाइ छ । तीव्र मोड र साँघुरोपनाका कारण ठुला सवारीका लागि कठिनाइ हुने अवस्था रहेको उनले बताइन् । इलाम-राजदुवाली सडकखण्ड तत्काल सञ्चालनमा ल्याउन नसकिने भएपछि विकल्पका रुपमा तिल्केनी-सिमलगोलाई सडक रोजिएको हो । जटिल भू-संरचनाका कारण इलाम-राजदुवाली सडक खुलाउन नसकिएको प्रजिअ नेपालले बताइन् । उनका अनुसार सडक खुलाउने प्रयास निरन्तर भइरहेको भए पनि भूस्खलन र लगातार सडक भासिने समस्याले कठिनाइ भएको हो ।

### पुवाखोलामा स्थानीयद्वारा काठको पुल निर्माण

उता, इलाम सदरमुकामदेखि झापाको विर्तामोड जोड्ने छोटो दुरीको मेची करिडोर (केचना-कञ्चनजंघा सडक) अन्तर्गत पुवाखोलामा स्थानीय बासिन्दाले श्रमदानमार्फत काठको पुल निर्माण गरेका छन् । इलाम नगरपालिका-९ भाङटार र ११ सोयाक जोड्ने पुवाखोलाको बेलिब्रिज गत असोज १८ को बाढीले बगाएपछि गाउँलेहरूले वैकल्पिक रूपमा काठको मोटरेबल पुल तयार गरेका हुन् । स्थानीय युवा रोशन राईको नेतृत्वमा सोयाकबासी र नेपाली सेना समेतको सहयोगमा ५० फुट लम्बाइ र ८ फुट चौडाइ भएकोको काठको पुल निर्माण भएको हो । पुल निर्माणका लागि स्थानीयबासीले ५ दिन लगातार श्रमदान गरेका थिए । पुल बनेपछि इलाम सदरमुकामबाट झापा जान र झापाबाट इलाम सदरमुकामसहित पाँचथर र ताप्लेजुङ आउन मोटरसाइकललाई सहज भएको छ ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, नेपालगंज शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०६/२९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल मंसिर महिना ६ गतेको "नागरिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल श्रावण महिना २० गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीको नाम र ठेगाना** : |
| नेपाल सरकार, वाणिज्य मन्त्रलय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढी, कैलालीमा प्रा.फ.र.नं. १०३७८/०६१/६२, स्थानीय व्यापार कायम भई मिति २०६१/०६/१२ मा कैलाली जिल्ला, धनगढी उपमहानगरपालिका वडा नं. ४ ठेगानामा दर्ता भई हाल बाँके जिल्ला, नेपालगञ्ज उपमहानगरपालिका वडा नं. १८ स्थित **नयाँ इन्टरप्राइजेज** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको विवरण :** |
| १. जयलाल चपाईको बुहारी, नयाराम चपाईको श्रीमती, कैलाली जिल्ला, धर्मापुर गा.वि.स. वडा नं. ०६ टिकापुर नगरपालिका वडा नं. ०१ बस्ने तुलसी देवी चपाई । |
| २. जयलाल चपाईको बुहारी, नयाराम चपाईको श्रीमती, कैलाली जिल्ला, धर्मापुर गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. ०१ बस्ने हरिकला चपाई । |
| ३. जयभद्र चपाईको नाती, जयलाल चपाईको छोरा, कैलाली जिल्ला, धर्मापुर गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल कैलाली जिल्ला, टिकापुर नगरपालिका वडा नं. ०१ बस्ने नयाराम चपाई । |
| ४. जयलाल चपाईको नाती, नयाराम चपाईको छोरा, कैलाली जिल्ला, टिकापुर वडा नं. ०९ स्थाई ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उपमहानगरपालिका वडा नं. १८ बस्ने राम प्रसाद चपाई । |
| ५. रूप प्रसाद उप्रेतीको छोरी, राम प्रसाद चपाईको श्रीमती, सर्लाही जिल्ला, घुर्कौली वडा नं. ०५ स्थाई ठेगाना भई हाल बाँके जिल्ला, नेपालगंज उपमहानगरपालिका वडा नं. १८ बस्ने तुलसा उप्रेती । |
| **धितो सुरक्षणको विवरण :** |
| १. नयाराम चपाई, हरीकला चपाई र तूलसी देवी चपाईको नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा./गा.वि.स. वडा नं. ९ (नक्सा सिट नं. ९च) को किता नं. ७० को ३०५ व.मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. राम प्रसाद चपाईको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, नेपालगञ्ज न.पा. वडा नं. २ (नक्सा सिट नं. ०३५१४११०१) को किता.नं. १०१ को ३३८.६३ व.मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| ३. राम प्रसाद चपाईको नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, कारकादो न.पा./गा.वि.स. वडा नं. ८ (नक्सा सिट नं. ८) को किता नं. १३९६ को ०-१-१० (बि.क.धु.) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा नेपालगंज शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **२०८२ साल ०७ महिना १२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल ०७ महिना १४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com



# Harinagar Rural Municipality, Sunsari
## Office of Rural Municipal Executive
Harinagara, Sunsari, Koshi Province

## Invitation for Bids

Date of publication: 15th -Oct.-2025

1. Harinagar Rural Municipality, Sunsari invites online bids from duly registered eligible national bidders for the following goods under Sealed Quotation bidding procedure.

| SQ ID | Description of goods | Bid Security Amount (NRs.) | Bid Document fee (NRs.) | Bid security validity period |
|---|---|---|---|---|
| HRMGOODS/C/SQ/02/2082-083 | Procurement of Supply and Delivery of WHO GMP certified medicine | 58,000.00 (Fifty eight thousand only) | 1,000.00 | 120 days |

2. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp. For details, please see in the bid document uploaded in the PPMO website. ( Contact no. HC:9842058572, CAO:9842029251)

Chief Administrative Officer



## कालिमाटी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रामपुर सल्यान

### बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८२/०६/२९

उपरोक्त विषयमा यस कार्यालयकोः **KRM/NCB/WORKS/2082/83/06** का लागि प्रकाशित सूचना बमोजिम पर्न आएको बोलपत्रहरुमध्ये तपशिलको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र मूल्याकंन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो आशय-पत्र सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मुअकर सहित) |
|---|---|---|---|---|
| 1. | KRM/NCB/WORKS/2082/83/06 | Kachhuwa Daha park Nirman Yojana | Beest Nirman Sewa Sharada Municipality–3 Salyan | 8814724/9 |

प्रमुख प्रशासकीय अधिकृत